नेपाल सरकार

# गृह मन्त्रालय

सिंहदरबार, काठमाडौं

## सशस्त्र द्वन्द्व तथा ऐतिहासिक जनआन्दोलनको क्रममा घाइते भई अपाङ्गता भएका व्यक्तिहरुलाई घाइते अपाङ्गता प्रतिशत निर्धारण तथा पुनरावलोकन सम्बन्धी

# अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मिति २०७६।०३।२७)

"सशस्त्र द्वन्द्वमा घाइते भई अपाङ्गता भएका व्यक्तिहरुको अपाङ्गता प्रतिशत निर्धारण तथा पुनरावलोकन (प्रथम संशोधन सहित) कार्यविधि, २०७४" अनुसार नेपाल सरकारबाट विभिन्न मितिमा गठन भएको "द्वन्द्व प्रभावित व्यक्ति, परिवार तथा संरचनाको लगत संकलन कार्यदल" (कार्यदल) को प्रतिवेदनमा नाम समावेश भएका तर हालसम्म घाइते अपाङ्गता प्रतिशत निर्धारण नभएकाहरु र आफ्नो घाइते अपाङ्गता प्रतिशत हेरफेर भएको भए पुनरावलोकनको लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा यो सूचना प्रकाशित भएको मितिले ३ महिनाभित्र निवेदन पेश गर्नुहुन सूचित गरिन्छ ।

यसै गरी कार्यदलको प्रतिवेदनमा नाम समावेश भई साविकमा जीवन निर्वाह भत्ता लिइरहेका सशस्त्र द्वन्द्व तथा ऐतिहासिक जनआन्दोलनको क्रममा घाइते अपाङ्गता भएका व्यक्तिहरुले यो सूचना प्रकाशित भएको मितिले ३ महिनाभित्र अनिवार्यरुपमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा आफ्नो घाइते अपाङ्गता प्रतिशत पुनरावलोकनको लागि निवेदन पेश गर्नुहुन सूचित गरिन्छ । उक्त अवधिसम्म निवेदन पेश नगर्ने घाइते अपाङ्गता भएका व्यक्तिहरुको जीवन निर्वाह भत्ता रोक्का रहने ब्यहोरा समेत सूचित गरिन्छ ।

**विस्तृत जानकारीको लागि यस मन्त्रालयमा वा जिल्ला प्रशासन कार्यालयहरुमा सम्पर्क राख्नु होला ।**